# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१०/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा हरि नाथको हकमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | शेषकान्त पौडेल (वि.अ. को मु.नं. ०७९-CR-०१३३), वि.अ. को फैसला मिति २०८०।११।४ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी शेषकान्त पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,००,०००।-(अक्षेरुपी एक लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदावी लिएको अवस्था छ। | फैसलाः विशेष अदालत, काठमाण्डौबाट प्रतिवादी उपरको अभियोजित आरोप स्थापित हुन नसकेको अवस्था देखिएकोले प्रतिवादी शेषकान्त पौडेलले आरोपदावीबाट सफाइ पाउने ठहरी विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।११।०४ मा फैसला भएको अवस्था छ।<br><br>क) विशेष अदालतले फैसला गर्दा लिएका आधारः<br>ख) प्रस्तुत मुद्दामा निज प्रतिवादी शेषकान्त पौडेलले उजुरकर्तासंग घुस/रिसवत रकम माग गरेको भन्ने समेत पेस भएको श्रव्य दृश्य रेकर्ड र सोको स्क्रिप्टवाट पुष्टि हुन सकेको अवस्था नरहेको।<br>ग) उजुरकर्ता/सेवाग्राहीको काम सम्पन्न भई सकेपछि पछि कृत्रिम रुपमा फोन सम्वाद र भिडियो लगाएतका प्रमाण समाग्री सृजना गरिएको भन्ने देखिएको । | (क) मुद्दामा, निवेदक बबी कुमारी झा ललितपुर जिल्लाको कोन्जोसोम गाउँ पालिका स्थित वुद्ध आधारभूत विद्यालयवाट ललितपुर महानगरपालीका वडा नं.१२ टंगाल स्थित मीननाथ आदर्श आधारभूत विद्यालयमा सरुवा भएर आउन खोज्दा, ललितपुर महानगरपालिका शिक्षा महाशाखामा अधिकृत सातौ पदमा कार्यरत प्रतिवादी शेषकान्त पौडेलले सरुवा सहमतिको चिठ्ठी वनाईदिए वापत निज निवेदकको ३ महिनाको तलव वरावरको हुने रकम रु.१०००००/- एकमुष्ठ रकम माग गरेको तथ्य उल्लेख गरी बबी कुमारी झा ले आयोगमा मिति २०७९/११/०१ मा उजुरी दिएको र प्रतिवादी उक्त पदमा कार्यरत वहालवाला नै देखिंदा निवेदक र प्रतिवादी प्रत्यक्ष कामसँग सरोकारवाला व्यक्ति Interest Person रहेको तथ्य पुष्टि भएको।<br>(ख) निवेदकलाई सरुवा सहमतिको पत्र वनाईदिएवापत प्रतिवादीले पटक पटक फोन गरी रु. (१,००,०००) एक लाख रुपैया माग गरेकोले उक्त रकमको व्यवस्था निवेदक आफैले गरी उक्त रकम रु. १,०००/-दरले रु.१००/- नोट सहित प्रतिवादीले घुस रिसवत माग गर्दाको अडियो रेकर्ड समेत निवेदकले आयोगमा पेश गरेको देखिन्छ ।निवेदकलाई सरुवा सहमती वनाईदिए पश्चात प्रतिवादीले आफ्नो फोन नं. वाट निवेदकको फोन नं. मा पटक पटक फोन गरी घुस माग गरेको Call Details Record (CDR) वाट देखिएको स्थितिमा भ्रष्टाचार गर्ने समय (Date of corpus deictic) आफ्नो अधिकार प्रयोग गर्नुभन्दा अगाडि, अधिकार प्रयोग गर्दै गर्दा, अधिकार प्रयोग भै सकेपछि र सुदुर भविष्यमा पनि पीडितसँग घुस रकम माग गरी रहन सक्ने तथ्य देखिदा देखिदै काम सम्पन्न भईसकेपछी घुस माग्नै सक्दैन भन्ने (Narrative ) भाष्य खडा गरी मिसिल संलग्न सबुद प्रमाणलाई अन्यथा हुने गरी प्रतिवादीलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण रहेको।<br>(ग) प्रतिवादी शेषकान्त पौडेलले निवेदकलाई सरुवा सहमति चीठ्ठी बनाई दिएवापत फोनबाट पटक पटक घुस माग गरेको भनि मिति २०७९/११/०१ मा उजुरी परेको देखिन्छ। प्रतिवादी शेषकान्त पौडेलले |

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१०/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरण :-

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आफुले प्रयोग गर्न ९८५१०६५७५५ र ९८४०९१६६६७ बाट निवेदकको मोवाइल नं. ९८४३१८२७५२ को फोनमा पटक पटक फोन गरेको तथ्य CDR (Call details Record) विवरणबाट देखिन्छ। प्रतिवादी शेषकान्त पौडेलले निवेदकसँग सोही सरुवा पत्रको विषयमा घुस रिसवत माग गरेको तथ्य निवेदक र प्रतिवादी विचमा भएको कुराहरुको श्रव्य दृश्य रेकर्ड संबाद उत्तार गरिएको स्क्रिप्ट राइटिङ्गबाट प्रष्ट देखिन्छ। Digital evidence लाई प्रत्यक्ष र निश्पक्ष मौन साक्षी Direct and silent witness को रुपमा मानिन्छ भने प्रतिवादीले घुस रिसवत Demand गरेको तथ्य Proper, Accurate and valuable प्रमाणबाट पुष्टि भई निवेदक लगायत बुझीएका मानिसहरुको बकपत्रबाट थप परपुष्टि (Corroboration) भई रहेको देखिंदा देखिंदै कृत्रिम प्रमाण सृजना गरिएको भन्ने हुदै नभएको तथ्य उल्लेख गरी उक्त Digital evidence को Evidential uses and value लाई ignore गरी प्रतिवादीलाई सफाई दिई भएको उक्त फैसला प्रमाणको व्याख्या र स्वीकार्यताको दृष्टिकोणले त्रुटीपूर्ण देखिंदा बदर भागी रहेको।<br>(घ) उजुरी निवेदक बबी कुमारी झाले पेश गरेको श्रव्य दृश्य(Audio/Video) रेकर्ड र अडियो स्क्रिप्ट राईटिङ कागज अनुसार निज शेषकान्त पौडेलसंग कुराकानीको क्रममा निवेदक बबी कुमारी झाले "फेरि पहिलाको भन्नु भ' कि, फेरि मोती सरले भन्नु भ'को कुरो भन्नु भो मोती सरले त तीन लाख भन्नु भा'थ्यो, अनि, तपाइले तीन महिनाको तलब त भन्नु भा'थ्यो हैन? तर त्यो तीन महिना ठ्याकै जोडेर दिने कि? मैले एक लाख रेडी पारेको छु सर अनि तिन महिनाको त भन्नु भा'थियो नि त हैन? नि अब त्यही हाराहारीमा.. अब हाम्रो काटे साटेर त्यति तीन महिनाको खातामा त्यति आउँछ, मैले त्यही सोध्नालाई फोन गरेको थिएँ, अस्ति एक लाखले पुग्छ कि ? कम्फर्म गर्नुस न, अब महेन्द्र सरलाई भन्न पर्छ सर? महेन्द्र सरले यो यति छ भनेर एक लाख छ भनेर, हुन्छ धन्यवाद सर, सरुवाको लागि" भनी निज शेषकान्त पौडेलसँग वार्तालाप हुँदा शेषकान्त पौडेलले "हिजो महेन्द्र सरले सोध्दै हुनुहुन्थ्यो, अब मैले पठाएको भन्दियाछु, त्यहि सोध्नु भाथ्यो सरले नभएर होला, नत्र मान्छे त ठिक छ, त्यस्तो केहि हुन्न भन्दि'या थिएँ, सोध्दै हुनुहुन्थ्यो, मैले हैन त्यहि यति पहिलै कुरो भ'को हो भने त्यो सरलाई, अस्ति नै त्यो कुराकानी त अस्ति नै भा'थ्यो त्यो ठिकै होला के रे? महेन्द्र |

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१०/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरण :-

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सरले सोध्नु भाथ्यो ? मसंगै कुरो भा'को थियो नि तपाइको, ल्याउनु भएन? महेन्द्र सरले सोध्नुभा'थ्यो. हैन मैले ठिक छ, (टेबलको ड्रयर (घर्रा) लाई चाबीले खोल्दै) यतै राख्दिनु न, खुल्लै छ? (टेबलको ड्रयर (घर्रा) देखाउदै) जति छ त्यति त्यहाँ राखि दिनु" भनी घुस रिसवतको बार्गेनिङ्ग सहितको वार्तालाप गरेको स्क्रिप्ट राईटिङ्ग कागज मिसिल संलग्न रहेको र उक्त स्वर (आवाज) मेरो समेतको हो भनी प्रतिवादी शेषकान्त पौडेलले र निवेदक बबी कुमारी झाले सनाखत गरेको देखिएकोमा प्रमाण ऐन, २०३१ को दफा ३ मा "अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ" भन्ने व्यवस्था रहेको छ । यस व्यवस्थाअनुसार ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको प्रमाण बुझ्न सकिने र सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्ने साथै प्रस्तुत मुद्दामा प्रमाणको रूपमा पेस गरिएको सि.डी. बाट र स्क्रिप्ट राईटिङ्ग कागज समेतवाट रिसवत लिने दिने कार्य भएको तथ्य खुल्न आएको अवस्थामा आरोपित कसुर गरेको तथ्य समर्थित हुने व्यहोरा सि.डी. मा रहेको देखिएकाले यसलाई सम्बद्ध प्रमाणको रुपमा ग्रहण गरी मुद्दा फैसला गर्नुपर्नेमा त्यसतर्फ अन्देखा गरी भएको फैसला वदरभागी रहेको।<br>(ङ) नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्युरो, महाराजगञ्जको VSA प्रतिवेदनमा निज शेषकान्त पौडेलको The speaker' identifications traits match with confidence level of more than 99%. Match probability is more than 50.9%-78.4% र निवेदक बबी कुमारी झाको The speaker' identifications traits match with confidence level of more than 99%. Match probability is more than 51.6% - 96.3%. रहेको आवाज परिक्षण प्रतिवेदन देखिएकोबाट थप पुष्टि भएको अवस्था देखिन्छ । यसका साथै प्रमाण ऐन, २०३१ को दफा ९ मा "पक्षले अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेको छ । पक्षले बोली वचनद्वारा, लेखेर, ईशाराद्वारा वा आचरणद्वारा पनि कुनै कुरा व्यक्त गरेको हुन सक्तछ । यसरी व्यक्त गरेको कुरा यदि प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) मा व्यवस्थित प्रावधानहरूको प्रतिकूल देखिँदैन भने त्यस्तो कुरालाई प्रमाणमा लिन मिल्ने देखिन्छ । प्रस्तुत मुद्दामा प्रमाणमा पेस हुन आएको सि.डी. उक्त दफा |

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१०/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरण :-

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ९(२)(क) विपरीत हुने गरी अर्थात् निज प्रतिवादीलाई निजको इच्छा विरूद्ध कार्य गर्न बाध्य पारी अथवा सचेत अवस्थामा नरहेको कुराको अनुचित लाभ लिई सि.डी. तयार गरिएको थियो भन्ने देखिएको अवस्था पनि नरहेकोले प्रतिवादी शेषकान्त पौडेललाई आरोपदाबी बमोजिम कसूर कायम गरी सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>(च) प्रमाण ऐन, २०३१ को दफा ९ मा "पक्षले अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेको। पक्षले बोली वचनद्वारा, लेखेर, ईशाराद्वारा वा आचरणद्वारा पनि कुनै कुरा व्यक्त गरेको हुन सक्तछ । यसरी व्यक्त गरेको कुरा यदि प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) मा व्यवस्थित प्रावधानहरूको प्रतिकूल देखिँदैन भने त्यस्तो कुरालाई प्रमाणमा लिन मिल्ने नै देखिने भनी ने.का.प २०७४ अंक ९ नि.नं.९८८० घुस रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त सिद्धान्तको विपरित हुने गरी प्रतिवादीलाई आरोपदावी वाट सफाई हुने ठहरी भएको फैसला त्रुटिपूर्ण रहेको। |